नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३-१०
चलानी नं. : ६९०

CDS
and
Clearing Ltd.

## प्रेस विज्ञप्ति

नेपाल धितोपत्र बोर्डले निर्देशन दिए बमोजिम नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) मा सूचीकृत सम्पूर्ण कम्पनीहरु सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) मा पौष मसान्तभित्र अभौतिकीकरणका लागि धितोपत्र दर्ता गरिसक्नु पर्ने सम्बन्धमा विभिन्न संचार माध्यममा सिडिएससिले उक्त समयभित्र सो निर्देशन कार्यान्वयन गर्न/गराउन सक्ने विषयमा द्विविधा सृजना भएको व्यहोरामा यस लि. को गम्भिर ध्यानाकर्षण भएको छ ।

नेप्सेमा सूचीकृत जम्मा २३२ कम्पनीहरु मध्ये १२६ वटा कम्पनीहरु दर्ता भई अभौतिक कारोबार समेत सुरु गरिसकेको व्यहोरा विदितै छ । साथै खारेजी, कारोबार रोक्का, निलम्बन, मर्जरमा परेका बाहेक जम्मा ५१ वटा मात्र सूचीकृत कम्पनीहरुको धितोपत्र यस अवधिभित्र अभौतिकीकरणका लागि दर्ता गरिसक्नु पर्ने अवस्था रहेको छ । हाल यस लि. मा विभिन्न कम्पनीका २५,०९,४१,४८५ कित्ता धितोपत्र अभौतिकृत भई प्रतिदिन ३,३७,६९७ कित्ता औसतमा राफसाफ भइरहेको व्यहोरा अवगत गराइन्छ । नेप्सेमा हुने कूल कारोबार मध्ये औसतन ८८ प्रतिशत यस केन्द्रीय निक्षेप प्रणाली मार्फत् हुने गरेको व्यहोरा जानकारी गराइन्छ । दर्ता हुन बाँकी रहेका कम्पनीहरुलाई यस लि. बाट नेपाल धितोपत्र बोर्डको निर्देशन बारे निरन्तर जानकारी गराइरहेको तथा उक्त कम्पनीहरु यस लि. मा अभौतिकीकरणका लागि दर्ता हुने क्रम निरन्तर बृद्धि भइरहेको छ । सिडिएससि प्राविधिक रुपमा सक्षम भई चुस्तदुरुस्त रुपमा केन्द्रीय निक्षेप सेवा तथा अभौतिक कारोबारको राफसाफ एवं फछ्र्यौट सेवा प्रभावकारी रुपमा प्रदान गरिरहेको र भविष्यमा पनि गर्न सक्ने प्रतिबद्धता जाहेर गर्दछ ।

साथै तत्काल शेयर बिक्री गर्ने तथा कारोबार गर्ने लगानीकर्ताहरुले पुस मसान्तभित्र आफुलाई पायक पर्ने स्थानमा रहेको निक्षेप सदस्यकोमा गई अभौतिकीकरण (Demat) खाता खोली शेयरको अभौतिकिकरण गर्नुपर्नेछ । धितोपत्रको अभौतिकीकरण गर्ने कार्य नियमित तथा निरन्तर रुपमा चल्ने कार्य भएकोले तत्कालका लागि कारोबार गर्न नचाहने वा नपर्ने शेयरधनी लगानीकर्ताहरुले आफ्नो अनुकुलतामा आफ्नो धितोपत्र अभौतिकीकरण गर्न सकिने व्यवस्था रहेको व्यहोरा सम्वन्धित सवैलाई अनुरोध गरिन्छ ।

मिति : २०७२/०९/०३

सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल ।
Singhdurbar Plaza, Kathmandu, Nepal.
Tel.: 977-1-4250596
Website: www.cdscnp.com